नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/८४
चलानी नं. :- ४१२

## सवारी साधन सञ्चालनमा रोक सम्बन्धी जरुरी सूचना।

नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको सूचना बमोजिम मिति २०८३ असोज ९ गते शुक्रबार देखि असोज ११ गते आइतबार सम्म मेघगर्जन/चट्याङ/हावाहुरी सहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको भनी यस कार्यालयबाट सूचना प्रकाशित भएको बेहोरा अवगत नै छ। हाल जिल्लाको अधिकांश भू-भागमा निरन्तर वर्षा भईरहेको हुँदा खोला नालाहरुमा आकस्मिक बाढी एवम् विभिन्न स्थानहरुमा पहिरोको समेत जोखिम रहेको हुँदा मिति २०८३ असोज ०९ गते देखि अर्को सूचना प्रकाशित नभएसम्मका लागि रसुवा जिल्लाभरका सम्पूर्ण सडक (आन्तरिक सडक समेत) मा बेलुका ०८:०० बजेदेखि बिहानको ०६:०० बजेसम्म सवारी आवागमनमा रोक लगाइएको बेहोरा सम्बन्धित सरोकारवालाहरु सबैको जानकारीका लागि अनुरोध छ। साथै, कुनै विपद्जन्य घटना घट्न गएमा सम्बन्धित स्थानीय तह, स्थानीय जनप्रतिनिधि, नजिकको सुरक्षा इकाई तथा स्थानीय प्रशासनलाई यथाशिघ्र जानकारी गराउनु हुन समेत अनुरोध छ।

मिति २०८३।०६।०९ , ने.सं.११४६

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी

<u>तत्काल सम्पर्कको लागि</u>

१. जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, रसुवा (DEOC)- १२३४, ०१०५४००१९